हरित नगर समृद दमक

दमक नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७६/७७
च.नं.

## कर, शुल्क ठेक्का बन्दोवस्त दररेट फाराम

**ठेक्काको नाम :** दमक नगरपालिका अन्तर्गत बहने ***रतुवा र मावा*** खोलाहरुबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं विक्री मूल्य कर ।

**भ्याट बाहेक न्यनूतम अंक** (२०७६।०९।०१ देखि २०७७।२।३० सम्मको): रु.४,५२,८९,८३२/- अक्षेरुपी चार करोड बाउन्न लाख उन्नानब्बे हजार आठ सय बत्तीस मात्रै (भ्याट बाहेक)

| ठे. नं. | विवरण | कवोल अंक (वार्षिक) भ्याट वाहेक | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| DMO/JHAPA/RIVER/M.R./10/076/77 | ***रतुवा र मावा*** खोलाहरुबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं विक्री मूल्य कर । | | | भ्याट सहितको ५ प्रतिशत | |

**शर्तहरु**

१) बोलपत्र वा बिद्युतीय बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले बोलपत्र दस्तुर रु ५०००। यस नगरपालिकाको रा.बा. बैक दमक स्थित मुल संचित कोष खाता हि.नं. २१४०३०४०१८१०२ मा जम्मा गर्नु पर्नेछ ।

२) खरिद भएका बोलपत्र मिति २०७६ मङ्सिर ४ गते दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको बिवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलवन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता वा ई-विडिङ मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http://www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम बोलपत्र पेश गर्न सकिनेछ । साथै बिद्युतीय सञ्चार माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ घण्टा अगावै र बिद्युतीय माध्यमको बोलपत्र पेश गर्न तोकिएको अन्तिम समयभित्र शिलबन्दी निवेदन पेश गर्नु पर्नेछ ।

३) कार्यालयबाट बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लेखित समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ वा वेभसाईटमार्फत् बोलपत्र पेश गर्दा उक्त प्रमाणपत्रहरु माथि सोहीअनुसार पेश गर्नु पर्नेछ ।

प.स. २०७६/७७
च.नं.

४) माथि उल्लेखित अधिकतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मु.अ. करको ६.५ प्रतिशत बराबरको रकम आन्तरिक राजस्व कार्यालयमा र ६.५ प्रतिशतको रकम दमक नगरपालिकामा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५) बोलपत्र फारामहरु माथि उल्लेखित समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समयभित्र पर्न आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

७) बोलपत्र फाराममा उल्लेखित अंकमा भ्याट सहितको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा. वा. वैंक दमक स्थित हि.नं. २१४०३०३००७१०२ धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै वैंक भौचर प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० ( एक सय बिस) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

८) बोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएमा बोलपत्र दाताले केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

९) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१०) ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाइ तोकिएको समयभित्र सम्झौता गर्न आएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११) किस्ताबन्दी रुपमा रकम बुझाउँदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा बुझउनु पर्नेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । त्यसपछि दुई किस्तामध्ये दोस्रो किस्ताको रकम माघ मसान्त र तेस्रो किस्ताको रकम चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ । साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोश्रो र तेश्रो किस्ताको रकम बराबरको जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्यबैंकबाट सम्झौता अवधि सम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

१२) किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्यादभित्र नबुझाएमा दमक नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

प.स. २०७६/७७
च.नं.

१३) ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ट रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्ताबन्दी बुझाउनेको हकमा पहिलो किस्ता बुझएको रकम बाहेक दोस्रो र तेस्रो किस्ताको बुझाउन बाँकी रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य वैंकबाट जारी गरिएको २०७७ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) वा ठेक्काको दोस्रो र तेस्रो किस्ताको हुन आउने रकम नगदै पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ। ठेक्का रकम एकमुष्ठ नबुझाई किस्तामा बुझाउने ठेकेदारले बाँकी रकमको बैंक ग्यारेण्टी पेश गर्दा आफूले कबोल गरेको कबोल अङ्क चुक्ता हुने गरीको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।

१४) ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझउनु पर्नेछ।

१५) दमक नगरपालिकालाई रकम बुझउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन।

१६) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुलउपर गरिने छ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७) ठेक्का अवधिका सम्बन्धमा उत्खनन, सङ्कलन तथा विक्री ठेक्का सम्झौता भएको मिति देखि २०७७ जेठ मसान्तसम्मको हुनेछ। सो मिति अगाबै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिने छ।

१८) विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ। तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US(उत्तर) मा ५०० मिटर र DS (दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट मात्र सङ्कलन गर्नुपर्नेछ। साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरूमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ। विभिन्न खोलाबाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का लिएपश्चात् निर्माण सामाग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर सङ्कलन गर्नु पर्नेछ। कुनै कारणबस कर सङ्कलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाँध्य हुने छैन। निर्माण सामाग्री निकाल्दा विभिन्न खोलामा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ। सो तोकिएको परिमाण तथा नाकाभन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन। साथै निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ। साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रण का लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ। यस किसिमका उजुरीहरु स्थानीय स्तरवाट आउन नदिने गरी सम्बन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन।

हरित नगर समृद्द दमक

दमक नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७६/७७

च.नं.

१९) नदीजन्य सामाग्रीहरु सङ्कलन गर्दा मावा खोलाको दुम्से खण्ड-१ ढुङ्गे दक्षिण बाट ११,६०० घ.मि., दुम्से खण्ड-२ दुधे भस्मेबाट ५५,९०० घ.मि., दुम्से खण्ड ३ मावा पुल ५०० मि. उतर वाट १७००० घ.मि, मावा पुल ५०० मिटर दक्षिण देखी पानीघट्टा क्षेत्र सम्म २३,०००।घ.मि. गोलाटार (उर्लावारी न.पा. र मिक्लाजुङ्ग गापा सिमानासम्म बाट १३,००० घ.मि., रतुवा खोला तर्फरतुवा पुल ५०० मिटर उत्तर हाटखोला गोसखान देखी चाजु दोभान दक्षिण सम्मबाट ६७,५०० घ.मि., निर्माणाधिन रतुवा पुल ५०० मि. दक्षिण देखी चाजु टपु सम्म वाट २४,७५० घ.मि., निर्माणाधिन रतुवा पुल ५०० मी. उत्तरबाट १७,५०० घ.मि., खरायो कटेज,भागबारी, विधुवारतुवा खोला दोभान क्षेत्रबाट २०,२५० घ.मि., बेलडागी उतमचोक १०० मि. दक्षिण देखी झुलुगे पुल ५०० मि. उतरवाट २४,००० घ.मि. उत्खनन गर्नु पर्नेछ । उत्खनन गर्ने परिमाण ठेगाना एवं नाकाको विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराईनेछ । साथै IEE प्रतिबेदनमा उल्लेख भए बमोजिमको परिमाण उत्खन्न भइसके पछि उत्खन्न कार्य बन्द गर्नुपर्ने छ ।

२०) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

२१) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर सङ्कलन गर्ने स्थानमा कर सङ्कलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२२) कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकालाई रहनेछ ।

२३) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

२४) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

२५) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी सङ्कलन तथा निकासी सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत नियमन सम्बन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ ।

२६) प्रत्येक सङ्कलन क्षेत्रमा सर्वसाधारणको जानकारीका लागि उत्खन्न गरिने क्षेत्रको लम्बाई, चौडाइ, र गहिराई सहित विवरण भएको होडिङ्गबोर्ड राख्नु पर्नेछ । अनुगमन गर्दा सो नपाएमा तथा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

२७) IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र सङ्कलन गर्न पाईनेछ । यसरी सङ्कलन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । सङ्कलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ । यसरी सङ्कलन तथा घाटगद्दी गर्दाको लागत स्वयम् ठेकेदारले बेहोर्नु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री सङ्कलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

२८) यस सुचना वमोजिम सम्झौता भइ ठेक्का चलानपूर्जी जारी गरीएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।

२९) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

हरित नगर समृद दमक

दमक नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७६/७७
च.नं.

३०) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा दमक नगरपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ ।

**खोलाबाट निकालिने निर्माण सामाग्री १ नं. प्रदेश आर्थिक विध्येक २०७६ अनुसारको (ढुंगा गिट्टी, बालुवा, ग्राभेल आदि) विक्रीमुल्य करको दररेट विवरण (भ्याट बाहेक)**

| क्र.सं. | विवरण | संकलन शुल्क | बिक्रि शुल्क | कुल दररेट (प्रति क्यूफिट) |
|---|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी | रु. २ | रू. ४ | रू.६।- (छ रूपैया ) |
| २. | बालुवा | रु. १.७५ | रू. ३ | रू.४।७५ (चार रूपैया पचहत्तर पैसा ) |
| ३. | बलैटे माटो तथा भरोट | रु. १ | रू. १.५ | रू.२.५।- (दुई रूपैया पचास पैसा ) |

**नोट : उपरोक्त दरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (VAT) जोडी कर असुल गर्नु पर्नेछ ।**

फर्मको छाप

दस्तखतः ...............................................
फर्मको नामः.........................................
प्रोप्राइटरको नामः...................................
ठेगानाः................................................
फोन नं...............................................
मोवाइल नं.........................................

हरित नगर समृद दमक

दमक नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७६/७७

च.नं.

# बोल–पत्र फाराम

**ठेक्काको नाम :** ***रतुवा र मावा*** **खोलाहरुबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं विक्री मूल्य कर ।**

**न्यूनतम अंक:** **रु.................................।–**

**(अक्षेरुपी.....................................................................................)**

**बोल–पत्र फाराम नं. :**

**फाराम दस्तुर :– रु. ५,०००।००**

**नगदी रसिद नं. :**